# कञ्चनरुप नगरपालिका सप्तरीको आर्थिक ऐन, २०८२

**प्रस्तावना :**

नगरपालिकाको आर्थिक बर्ष २०८२/२०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यबस्था गर्न वाञ्छनीय भएकोले,नेपालको सविधानको धारा २२८ को उपधारा (२) बमोजिम कञ्चनरुप नगरपालिका सप्तरीको नगर सभामा पेश गर्ने गरी यो विद्येयक बनाएको छ ।

(१) यो ऐनको नाम **आर्थिक ऐन, २०८२**रहेको छ ।

(२) यो विद्येयक नगर सभाबाट स्वीकृत भएपछि कञ्चनरुप नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पति कर :**

यस नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्तिकर लगाईने र असुल गरिनेछ ।

**३.भूमि कर (मालपोत) :**

यस नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल गरिनेछ ।

**४.घर बहाल कर :**

यस नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर बहाल कर लगाईने र असुल गरिनेछ ।

**५. ब्यबसाय कर :**

यस नगरपालिका क्षेत्रभित्र ब्यापार, ब्यबसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम ब्यबसाय कर लगाईने र असुल गरिनेछ ।

**६.जडीबुटी, कवाडी, जीबजन्तु कर :**

यस नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीबजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको ब्यबसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिम कर लगाईने र असुल गरिनेछ ।

**७.सवारी साधन कर :**

यस नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने र असुल गरिने छ । तर प्रदेश कानून स्वीकृत भई  सो कानूनमा अन्यथा ब्यबस्था भएको अबस्थमा सोही बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :**

यस नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यबस्था भएको अबस्थमा सोही बमोजिम हुनेछ ।

**९.मनोरन्जन कर :**

यस नगरपालिका क्षेत्रभित्रहुने मनोरन्जन व्यबसाय सेवामा अनुसूची (८) बमोजिम मनोरन्जन कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यबस्था भएको अबस्थमा सोही बमोजिम हुनेछ ।

**१०.बहाल बिटौरी शुल्क :**

यस नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा  संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा  भएको व्यबस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल गरिनेछ ।

**११. पार्किङ शुल्क :**

नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुबिधा उपलब्ध गराए बापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असुल गरिनेछ ।

**१२. सेवा शुल्क दस्तुर :**

यस नगरपालिकाले निर्माण, संचालन व्यबस्थापन गरेका अनुसूची (११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यबस्था भए अनुसार शुल्क लगाइने र असुल गरिनेछ ।

**१३. पर्यटन शुल्क :**

यस नगरपालिकाले आफनो क्षेत्रभित्र  प्रबेश गर्ने  पर्यटकहरुबाट अनुसूची १२ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यबस्था भएको अबस्थमा सोही बमोजिम हुनेछ ।

**१४. दण्ड जरिवाना र नियमित दस्तुर :**

यस नगरपालिकाले आफनो क्षेत्रभित्र नगरपालिकाको स्वीकृत विना निर्माण भएका भौतिक संरचना, घर तथा अन्य भवन, टहराहरुलाई भवन सहिंता, भवन निर्माण मापदण्ड र नपाबाट स्वीकृत माापदण्ड भित्र पर्नेको हकमा नगरपालिकाको निर्णयानुसार नक्सा स्वीकृत गरी नियमित गर्नुपर्ने भएमा अनुसूची १३ मा उल्लेखित दरमा दण्ड, जरिवाना र नियमित दस्तुर लगाईने र असुल गरिनेछ ।

**१५. कर छुट :**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन् । तत्कालीन स्थानीय निकायको कानून बमोजिम निर्धारण भएका सबै प्रकारका राजस्व वक्यौता रकम, दण्ड जरिवानालाई छुट दिइने छैन । कर छुट र छलीमा संलग्न पदाधिकारीलाई यस्तो छुट र छलीको रकम सरकारी बाँकी सरह सम्वन्धित पदाधिकारीबाट असुल उपर गरिनेछ ।

## १६.कर तथा शुल्क संकलन सम्बन्धी कार्यबिधि :

यो ऐनमा भएको ब्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यबिधि नगरपालिकाले तोके अनुसार हुनेछ। रअगामी आ.व.२०८२/०८३ को श्रावण १ गते देखि २०८२/०१/१६ गते सम्म संकलन तथा असुल उपर गरिएका कर दस्तुर, सेवा शुल्क तथा दण्ड जरिवाना यसै ऐन बमोजिम संकलन तथा असुलल गरिएको मानिनेछ। प्रस्तावित कर तथा गैर राजस्व दरनिम्न अनुसार रहेको छ ।

| सि. न. | शिर्षक | न. पा. को प्रस्ताव |
|---|---|---|
| | घर जग्गा कर | |
| | १० लाख सम्मको | कर नलाग्ने |
| | १० देखि २० लाख सम्मको | रु.३०००/- |
| | २१ देखि ३० लाख सम्मकोव | ०/०५ प्रतिशत |
| | ३१ देखि ५० लाख सम्मको | ०/२५ प्रतिशत |
| | ५० लाख देखि १ करोड सम्मको | ०/५० प्रतिशत |
| | १ करोड भन्दा माथि | १/५ प्रतिशत |
| नोट: (क) घर जग्गा करको प्रयोजनको लागिघर जग्गाको मुल्यांकन **नियवलीमा,२०५६ (संशोधन सहित) को अनुसूची मा उल्लेख भए वमोजिमा हुने** | | |

| | मालपोत कर | |
|---|---|---|
| १ | असिंचित जग्गाको (मालपोत प्रति कठ्ठा वा न्युनतम) | रु.१५।- |
| २ | सिंचित जग्गाको (मालपोत प्रति कठा वा न्युनतम) प्रति कठ्ठा | रु.२०/- |
| ३ | चोक, सडक एरियाको घडेरी जग्गा प्रति धुर<br>चोक,सडक एरिया वाहेक घडेरी जग्गा प्रति धुर | रु.१०।–<br>रु.५।- |
| नोट :<br>क)मालपोत कर तोकिए वमोजिम वार्षिक रुपमा चुक्ता नगरिएमा प्रचलित ऐन, कानून को अधिनमा रही वार्षिक १० प्रतिशतका दरले थप जरीवाना गरिने छ।<br>ख) दर्ता छुट जग्गाको हकमा चालु आ.व.को दर रेटलाई आधारमानि मालपोत वि.स. २०२९ साल देखि असुली गर्ने । | | |

<u>वार्षिक व्यवसाय कर :</u>

| क्र.सं | व्यवसायको नाम र कारोवार | क श्रेणी रु.३० लाख भन्दा वढी पूँजी भएमा | ख श्रेणी रु.१० लाख देखी ३० लाख सम्म पूँजी भएमा | ग श्रेणी रु.५ लाख देखी १० लाख सम्म पूँजी भएमा | घश्रेणी रु.५ लाख भन्दा कम पूँजी भएमा | सवै श्रेणी |
|---|---|---|---|---|---|---|
| १. | किराना पसल,जेनेरल स्टोर | ३००० | २००० | १५०० | १००० | |
| क | दाल, चामल, कनिका, चिउरा भुजा,पिउने पानी (प्यूरिफयर) , कोक, पेप्सी, आचार पाउ, चियापति बिक्री, सखर (गुड), बिस्कुट तथा चकलेट खुद्रा, तेल, घिउ, आँटा, सुजि, चिनि | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खुद्रा पसल | | | | | |
| २. | पेडा पसल, नास्ता, चिया तथा मिठाई पसल | २५०० | २००० | १५०० | १००० | |
| ३. | **थोक बिक्रेता तथा खुद्रा** | | | | | |
| ४ | साल्ड ट्रेडिङ्ग डिलर | | | | | १००० |
| ५ | कृषि सामाग्री संस्थानको डिलर | | | | | १००० |
| ६ | चुरोट, गुटका, विडीको डिलर (प्रति डिलर) | | | | | ११००० |
| ७ | चाउचाउ, चिप्स, आदिको डिलर | ४००० | ३५०० | २००० | १५०० | |
| ८ | काटा राखी खरिद बिक्री गर्ने गल्ला पसल | २००० | १५०० | १००० | ७५० | |
| ९ | फलफुल पसल | ३००० | २००० | १५०० | १००० | |
| १० | तरकारी पसल | १५०० | १२०० | १००० | ७०० | |
| ११ | खसि, कुखुरा मासु विक्री तथा फ्रेसहाउस | ३००० | २००० | १५०० | १००० | |
| १२ | सुँगुर, राङ्गाको मासु तथा फ्रेस हाउस | ३००० | २५०० | २००० | १००० | |
| १३ | अण्डा पसल | ३००० | २००० | ६०० | ४०० | |
| **१४** | **होटलहरु** लज भएमा रु.१०००।- थप | | | | | |
| क | रिसोर्ट, रेष्टुरेन्ट एण्ड वार | १०००० | ७००० | ५००० | ३००० | |
| ख | रेष्टुरेण्ट | २००० | १५०० | १२०० | १००० | |
| १५ | **तारे होटल** | १५००० | १०००० | ५००० | ३००० | |
| १६ | मदिरा समेत बिक्री गर्ने होटलहरु | ३००० | २५०० | २००० | १५०० | |
| १७ | मदिरा रहित भोजनालय पसल आदि | २५०० | २००० | १५०० | १००० | |
| १८ | साना चिया पसल (चल्ती) ठाउँ | | | | | ५०० |
| १९ | चिसो हल्का पेय पदार्थ | २५०० | २००० | १५०० | १२०० | |
| २० | **डिलरहरु/थोक विकेता तर्फ** | | | | | |
| | (क) हल्का पेय पदार्थ तर्फ | २५०० | २००० | १५०० | १००० | |
| | (ख) मदिरा तर्फ | ५००० | ४००० | ३००० | २००० | |
| **२१** | **लजहरु** | २५०० | २५०० | २५०० | २००० | |
| **२२** | कपडा पसल, रेडिमेड कपडा पसल | २५०० | २००० | १२०० | १००० | |
| **२३** | भाडा वर्तन पसल | २००० | १५०० | १२०० | १००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | जुत्ता पसल | २००० | १५०० | १००० | ७०० | |
| २५ | जुत्ता सिलाई पसल | | | | ३०० | |
| २६ | पान पसलहरु | | | | १००० | |
| २७ | श्रृंगार तथा मनिहारा पसल, उपहार (गिफ्ट) का सामान बेच्ने पसल | १८०० | १५०० | १००० | ७०० | |
| २८ | **स्वास्थ्य सेवाहरु** | | | | | |
| | अस्पताल तथा नर्सिङ्ग होम प्रति शैयास्थापनाका लागि | | | | | ४००० |
| | अस्पताल तथा नर्सिङ्ग होम नविकरण प्रति शैया | | | | | ५०० |
| | एम.बि.बि.एस क्लिनिक | ५००० | ४००० | ३००० | २००० | |
| | अ.हे.व.,हे.अ.,सि.एम.ए.,कविराज क्लिनिक सेवा | २५०० | २००० | १५०० | १००० | |
| | भेटेरीनरी चिकित्सक | १५०० | १२०० | १००० | ८०० | |
| | प्राकृतिक चिकित्सा अक्युपंचर | १५०० | १२०० | १००० | ५०० | |
| | औषधि पसलहरु | २००० | १५०० | १००० | ७०० | |
| | आँखा क्लिनिक सहितको चश्मा पसल | १५०० | १२०० | १००० | ९०० | |
| | डायग्नोसिस्टिक सेन्टर प्रति सेवा | | | | | १०००० |
| | डायग्नोसिस्टिक सेन्टर नविकरण प्रति सेवा | | | | | १००० |
| | पोलिक्लिनिक /क्लिनिक प्रति सेवा | | | | | १०००० |
| | पोलिक्लिनिक /क्लिनिक नविकरण प्रति सेवा | | | | | १००० |
| | आयुर्वेद अस्पतालको वैकल्पिक चिकित्सक प्रति शैया संख्या | | | | | २००० |
| | आयुर्वेद अस्पतालको वैकल्पिक चिकित्सक नविकरण प्रति शैया संख्या | | | | | ५०० |
| | आयुर्वेख क्लिनिक प्रति सेवा | | | | | ५००० |
| | आयुर्वेख क्लिनिक नविकरण प्रति सेवा | | | | | ५०० |
| २९ | पुस्तक तथा पत्रिका स्टेशनरी | २००० | १५०० | १००० | ८०० | |
| ३० | फोटो स्टुडियो | २५०० | २००० | १५०० | १००० | |
| ३१ | कलर ल्याव | ३००० | २५०० | २००० | १५०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२ | ड्राई क्लिनर्स, कपडा धुलाई तथा रगांई | ११०० | ९०० | ७०० | ५०० | |
| **३३** | **सुन चाँदी पसल** | | | | | |
| | (क) सुन चाँदी खरिद बिक्री थोक सहित गहना बनाउने | ४००० | ३५०० | ३००० | २५०० | |
| | (ख) सुन चाँदी गहना मात्र बनाउने | ३५०० | २५०० | २००० | १५०० | |
| **३४** | **पशु पंक्षी आहार विकी पसल** | १००० | ८०० | ७०० | ६०० | |
| **३५** | शैलुन तथा व्यूटी पार्लर/जेन्स पार्लर | १००० | ८०० | ७०० | ६०० | |
| **३६** | केवल नेटवर्क दर्ता इज्जात पत्र | ३०००० | २५००० | २०००० | १५००० | |
| **३७** | (Ncell Tower) Internet इजाजत | १०००० | १०००० | १०००० | १०००० | |
| **३८** | प्राइभेट संचार कम्पनी दर्ता | ३०००० | २५००० | २०००० | १५००० | |
| **३९** | सिलाई मेसिन बिक्री पसल | २००० | १५०० | १००० | ८०० | |
| **४०** | टेलरिङ्ग पसलको | १००० | ९०० | ७०० | ५०० | |
| **४१** | डेरी दुध उत्पादन तथा बितरण पसल | १००० | ७०० | ६०० | ५०० | |
| **४२** | कुखुरा , हाँस, बटाई,  टर्की पालन | १२०० | १००० | ८०० | ५०० | |
| | गाई तथा भैसी पालन | १५०० | १२०० | १००० | ५०० | |
| | सुँगुर तथा वँगुर पालन | १२०० | १००० | ८०० | ५०० | |
| | वाखा  तथा वोका पालन | १२०० | १००० | ८०० | ५०० | |
| | माछा पालन | ३००० | २५०० | २००० | १००० | |
| **४३** | साईन बोर्ड बनाउने तथा आर्ट पसल | ५०० | ५०० | ५०० | ४०० | |
| **४४** | इलेक्ट्रोनिक सामग्री | | | | | |
| | इलेक्ट्रोनिक सामान बिक्री तथा पार्ट पुर्जा, कम्प्युटर, टिभी, फोटोकपी, एम्प्लिफायर डिलर, फ्याक्स, पंखा, डेक मर्मत, | ४५०० | ४००० | ३५०० | ३००० | |
| **४५** | निजी नर्सरी | ८०० | ७०० | ६०० | ५०० | |
| **४६** | घडी, रेडियो बिक्री तथा मर्मत पसल | १५०० | १२०० | १००० | ५०० | |
| **४७** | शिसाका सामान बेच्ने ग्लास हाउस | २००० | १५०० | १००० | ८०० | |
| **४८** | मट्टीतेल, पेट्रोल, डिजल समेतको पम्पलाई | ५००० | ४५०० | ४००० | ३५०० | |
| **४९** | मट्टी तेल डिलर | २५०० | २००० | १५०० | १००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **५०** | हार्डवेयर, सिमेन्ट बिक्री गर्नेलाई,बिजुलीका सामाग्री, रंग रोगन पसल | ३५०० | ३००० | २५०० | २००० | |
| **५१** | मोटर पार्टस मेसिनरी पसल | ३५०० | ३००० | २५०० | २००० | |
| **५२** | साइकल तथा पार्टस बिक्री पसल | २२०० | २००० | १५०० | १२०० | |
| **५३** | ग्याँस बिक्री गर्ने पसल | २५०० | २००० | १७०० | १५०० | |
| **५४** | डिपार्टमेन्टल स्टोर/मिनि मार्केट | १०००० | ७००० | ५००० | ३००० | |
| **५५** | अडियो भिडियो क्यासेट बिक्री तथा भाडा पसल | १००० | ६०० | ५०० | ४०० | |
| **५६** | ट्राभल एजेन्सी | १५०० | १२०० | १००० | ७०० | |
| **५७** | टायर डिलर | ४००० | ३५०० | ३००० | २५०० | |
| **५८** | सिनेमा हल | ८००० | ७००० | ६००० | ५००० | |
| **५९** | जादु, सर्कस, खुल्ला तामासा प्रतिदिन ८ घण्टा भित्र | | | | | २५०० |
| **६०** | मेला कार्यक्रम प्रति दिन | | | | | १५०० |
| **६१** | ब्रास बैण्ड पार्टी | | | | | १००० |
| **६२** | निर्माण व्यवसायी इजाजत दस्तुर | | | | | ५००० |
| | घ. श्रेणी | | | | | |
| | निर्माण व्यवसायी नविकरण दस्तुर | | | | | २५०० |
| | घ. श्रेणी | | | | | |
| **६३** | कन्सल्टेन्सी | | | | | २००० |
| | इन्जिनियर, इन्जिनियर ल्यावरोटरी क्नसल्टेन्सी, मूल्याङ्कनकर्ता समेत | | | | | १०००० |
| | नविकरण दस्तुर | | | | | ३००० |
| | भवन निर्माण व्यवसायी | | | | | १०००० |
| | नविकरण दस्तुर | | | | | ३००० |
| **६४** | **कानूनी सेवा** | | | | | |
| | (क) बरिष्ठ अधिवक्ता | | | | | २००० |
| | (ख) अधिवक्ता | | | | | २००० |
| | (ग) अभिवक्ता | | | | | २००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (घ) अभिकर्ता तथा लेखापढी व्यवसायी<br>ङ) लेखापरिक्षण व्यवसायी | | | | | २०००<br>२००० |
| **६५** | **निजी बित्तिय संस्थाहरु** | | | | | |
| | (क) आर्थिक कारोवार गर्ने बित्तिय कम्पनी | | | | | ४००० |
| | (ख) सहकारी बैंक तथा माइक्रो फाइनान्स | | | | | ३००० |
| | (ग) सहकारी संस्था | | | | | २००० |
| | (घ) बिमा कम्पनी | | | | | ४००० |
| | (ङ) कमिसन एजेन्ट | | | | | २००० |
| | (च) जग्गा खरिद बिक्री | | | | | ६००० |
| | (छ) कुरियर सेवा | | | | | १५०० |
| | (ज) मनि टान्सफर | | | | | ३००० |
| | (झ) सेकुरेटरी सेवा | | | | | १५०० |
| **६६** | टेन्ट हाउस | | | | | ४००० |
| **६७** | निजी विद्यालय शिक्षण संस्था अनुमति | | | | | |
| | (क) आधाभूत तह | | | | | ४००० |
| | (ख) मा.बि. | | | | | १०००० |
| | (ग) स्नातक सम्म | | | | | १५००० |
| | (घ) मास्टर डिग्री | | | | | १८००० |
| | (ङ) व्यवसायिक प्रशिक्षण केन्द्र | | | | | ४००० |
| | (च) प्राविधिक शिक्षण संस्था | | | | | ३००० |
| | (छ) शिशु स्याहार केन्द्र (मन्टेश्वरी विद्यालय) | | | | | २००० |
| | (ज) पुर्व प्रा.बि. स्वीकृती | | | | | २००० |
| **६८** | (क) बिज्ञापन एजेन्सी | | | | | २००० |
| | (ख) विज्ञापन सेवा | | | | | १५०० |
| **६९** | होम डेलिभरी सर्भिस | | | | | ५०० |
| **७०** | व्यवसायिक रुपमा पार्किङ्ग, प्रचार प्रसार गर्ने | | | | | ५०० |
| **७१** | टाईपिंग, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | | | | | ४००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७२ | भिडियो गेम | | | | | ५०० |
| ७३ | ग्रिल फलामको झ्याल, ढोका वेल्डिङ्ग आदि बनाउने | २६०० | २४०० | २२०० | २००० | |
| ७४ | बस, ट्रक, मोटरसाइकल, ट्र्याक्टर मर्मत ग्यारेज | ३५०० | ३००० | २५०० | २००० | |
| | सवारी साधन चार्ज गर्ने चार्जिङ्ग सेन्टर दर्ता दस्तुर | | | | | ५००० |
| | सवारी साधन चार्ज गर्ने चार्जिङ्ग सेन्टर नविकरण दस्तुर | | | | | १००० |
| ७५ | हेभी इक्विपमेन्ट वस, ट्रक, कार, साइकल, मोटरसाईकल, टेम्पो मर्मत कारखाना | ५५०० | ४५०० | ३५०० | २५०० | |
| ७६ | टायर रिसोलिङ्ग | | | | | १५०० |
| ७७ | सवारी साधन रंग रोगन, व्याट्री मर्मत चार्ज गर्ने, सिटहुट मर्मत गर्ने, पुरानो टायर बिक्री तथा हावा भन | | | | | १००० |
| ७८ | रिक्सा, साइकलको बडी बनाउने मर्मत गर्ने | | | | | ४०० |
| ७९ | सिलाई मेसिन, ग्यास, चुल्हो, स्टोभ मर्मत पसल | | | | | ५०० |
| **८०** | **फर्निचर उद्योग** | | | | | |
| | (क) स्टिल फर्निचर उद्योग | ४००० | ३००० | २५०० | २००० | |
| | (ख काठको फर्निचर उद्योग | २५०० | २००० | १५०० | १२०० | |
| | (ग) बेतबास फर्निचर उद्योग | १५०० | १२०० | १००० | ७०० | |
| **८१** | **अन्य उद्योग** | | | | | |
| | चाउचाउ उद्योग ठुलो | १२००० | ११००० | १०००० | ९००० | |
| | बिस्कुट उद्योग | १२०० | ११०० | १००० | ९०० | |
| | प्लाइउड उद्योग | ५००० | ४००० | ३००० | २००० | |
| | बरफ उद्योग | १००० | १००० | ८०० | ७०० | |
| | काठ उद्योग ठुला स-मिल र काठ डिपो | | | | ५००० | |
| | स्टेशनरी वा कपी उद्योग | ३५०० | ३००० | २५०० | १५०० | |
| | छापाखाना (प्रिन्टिङ्ग) | १८०० | १५०० | १२०० | १००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | डिष्ट्रिलरी ब्रुअरी उद्योग | १२००० | ११००० | ९००० | ७००० | |
| | हल्का पेय जुस पदार्थ उद्योग | ६००० | ५००० | ४००० | २००० | |
| | प्लाष्टिक उद्योग | ६००० | ५००० | ४००० | ३००० | |
| | पाउरोटी, केक, पेस्टी, डुनोट उद्योग | २००० | १५०० | १००० | ६०० | |
| | गलैंचा उद्योग | २००० | १५०० | १००० | ७०० | |
| | गार्मेन्ट उद्योग | २००० | १५०० | १२०० | १००० | |
| | कुटानी पिसानी मिल | १८०० | १५०० | १२०० | १००० | |
| | च्युरा,मुरही मिल तथा उद्योग | ३००० | ३००० | ३००० | ३००० | |
| | खाद्य पदार्थ उद्योग | २५००० | २०००० | १५००० | १०००० | |
| | भुजिया उद्योग | २००० | १४०० | १००० | ६०० | |
| | ईटा तथा टायल उद्योग (भट्टा) | १०००० | ८००० | ५००० | २००० | |
| | टायल उद्योग भट्टा | ४००० | २५०० | २००० | १५०० | |
| | **पशुपंक्षी आाहार उद्योग** | २५०० | २००० | १५०० | १००० | |
| | तामा, पित्तल, आल्मुनियम, फलाम जस्ता उद्योग | २५०० | २००० | १५०० | १००० | |
| | जुत्ता तथा व्याग उद्योग | १५०० | १२०० | १००० | ७०० | |
| | चिया उद्योग प्याकेजिंग | १४०० | १००० | ७०० | ५०० | |
| | सिलाई बुनाई उद्योग | २००० | १२०० | १००० | ६०० | |
| | स्वेटर बुन्ने उद्योग | | | | २००० | |
| | सुर्ति, खैनी, चुना प्याकेजिंग उद्योग | २५०० | २००० | १५०० | १००० | |
| | लोहोरो सिलौटो बनाउने | | | | ५०० | |
| | कवाडी संकलन तथा बिक्री पसल | ३००० | २५०० | २००० | १५०० | |
| | एग्रोभेट, कृषि मल, बिउ, औजार, किटनासक पसल | २५०० | २००० | १५०० | १००० | |
| | जुट उद्योग | १४००० | १२००० | १०००० | ८००० | |
| | सावुन, सर्फ , हर्पिक, फिनेल, हर्वल सावुन उद्योग | | | | २००० | |
| | जुस, सस, अचार उद्योग | | | | २००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिमेण्ट रिङ्ग पाइप तथा पोल उद्योग | ४००० | ३००० | २००० | १५०० | |
| | खैनी उद्योग | १०००० | ८००० | ६००० | ५००० | |
| | चुरोट बिडी उद्योग | १०००० | ८००० | ६००० | ५००० | |
| | चिप्स उद्योग | २००० | १५०० | १००० | ८०० | |
| | स्वदेशी रोजगार सेवा | १२००० | १०००० | ८००० | ५००० | |
| | बैदेशिक रोजगार सेवा | १२००० | १०००० | ८००० | ५००० | |
| | स्केटिङ्ग पार्क (जुत्ताबाट खेलिने खेल) दर्ता दस्तुर | | | | | २००० |
| | स्केटिङ्ग पार्क (जुत्ताबाट खेलिने खेल) नविकरण दस्तुर | | | | | १००० |
| | फिटनेस सेन्टर (जिम खाना) दर्ता दस्तुर | | | | | ५००० |
| | फिटनेस सेन्टर (जिम खाना) नविकरण दस्तुर | | | | | १००० |
| ८२ | **बिक्री (डिपो) डिलरको बिक्री कक्ष वा सोरुम** | | | | | |
| | (क) साइकल, रिक्सा र व्याट्री साइकल | | | | २५०० | |
| | (ख) मोटरसाइकल स्कुटर | | | | ७००० | |
| | (ग) टेम्पो, सफा टेम्पो, सिटी सवारी | | | | ५००० | |
| | (घ) बस, ट्रक, कार,/ जीप भ्यान, ट्याक्टर | १५००० | १२००० | १०००० | ८००० | |
| ८३ | कफि हाउस | ८०० | ६०० | ५०० | ४०० | |
| ८४ | कपडामा बुट्टा भरी बिक्री गर्ने बुटिक | ८०० | ६०० | ५०० | ४०० | |
| ८५ | टायल मार्वल | ३५०० | ३००० | २५०० | २००० | |
| ८६ | रेडियो प्रशारण, एफ.एम. दर्ता,इजाजत तथा नविकरण | | | | | ३००० |
| ८७ | साईवर क्याफे | | | | | २००० |
| ८८ | मासु कोल्ड स्टोर | | | | | २५०० |
| ८९ | ढुँगा,गिटी,वालुवा,माटो ईटा आदीको सप्लाई/ढुवानी व्यबसाय( थोक एंव खुद्रा दुबै) | | | | | ४००० |
| ९० | हाउजिकम्पनी तथा घर जग्गा खरिद विक्री रियल स्टेट | | | | | ६००० |
| ९१ | साइन वोर्ड बनाउने पेन्टिङ्ग सेवा | | | | | १००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९२ | लहा चुरा | | | | | ३०० |
| ९३ | विद्युत चार्जबाट सञ्चालन हुने साधनहरु व्युटी पार्लर सेवा व्युटिसियन तालिम सहितको | ३००० | २५०० | २००० | १५०० | |
| ९४ | प्लाष्टिकको भाडा मात्र बेच्ने | २००० | १७०० | १५०० | १२०० | |
| ९५ | पेपर कप, पलेट, कचौरा | ४००० | ३००० | २००० | १००० | |
| ९६ | घरेलु तथा साना उद्योगबाट उत्पादन सामग्री | २५०० | २००० | १५०० | १००० | |
| ९७ | खेतीपाती | ११०० | ९०० | ७०० | ५०० | |
| ९८ | छालाको समान विक्रि गर्ने | ५०० | ५०० | ५०० | ५०० | |
| ९९ | संगित/डान्स तालिम | ५०० | ५०० | ५०० | ५०० | |
| १०० | पुजाको सामाग्रीहरु मात्र वेच्ने पसल | ५०० | ५०० | ५०० | ५०० | |
| १०१ | अफसेट सिलिन्डर सहित प्रेस | ३५०० | ३५०० | ३५०० | २००० | |
| १०२ | चिउरा मिल मात्र भएमा | २००० | २००० | २००० | २००० | |
| १०३ | अटोमोवाइल पार्टपुर्जा र सामानहरु विक्री | ५००० | ५००० | ५००० | ३००० | |
| १०४ | क्रसर उधोग व्यवसाय  दर्ता | | | | | २५००० |
| १०५ | क्रसर उधोग व्यवसाय नविकरण | | | | | १०००० |
| १०६ | कोल्ड स्टोर  दर्ता | | | | | ८००० |
| १०७ | कोल्ड स्टोर  नविकरण | | | | | २००० |
| १०८ | सप्लायर्स सम्बन्धिः<br>कपडा,गलौचा | | | | | १५००। |
| १०९ | पराल तथा गहुको भुस्सी, | | | | | २०००। |
| ११० | विज्ञापन सेवा(न्यूनतम अंक) बाट डाक बढाबढ गर्ने | | | | | १०००००। |
| १११ | वाल उद्यान  प्रवेश शुल्क वापत प्रति व्यक्ति | | | | | १०। |
| ११२ | अनलाईन सामग्री सप्लायर्स | | | | | १००० |
| ११३ | आँपको व्यवसायीको उद्देश्य पिक अप | | | | | १५०० |
| | मिनी ट्रक | | | | | २५०० |
| | ट्रक | | | | | ३५०० |
| | १० चक्के ट्रक सो भन्दा ठूलो वा टिपर | | | | | ५००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क्यारेट वा ठूलो कार्टुन प्रति | | | | | २० |
| ११४ | खाद्य डिपो (सम्बन्धित निकायबाट अनुमति प्राप्त भएको) | | | | | १००० |

अ) करको दायरामा ल्याउन रजश्व टोली गठन गरी प्रत्येक वडाको प्रत्येक व्यवसायीहरुमा पुगी व्यवसाय दर्ताको लागी छोटो समयको म्याद दिने वा स्थलमा नै टोलीबाट दर्ता गर्ने ।

आ) व्यवसायीहरुको हैसियत मूल्याङ्कन गरी प्रमाण पत्रमा श्रेणी छुट्याउने ।

१. यसमा नपरेका नयाँ किसिमका पेशा र सायकोव्यव प्रकृति हेरी नगरपालिकाबाट रु.१००।- देखि रु.५०००।- सम्म कर निर्धारण गरी लगाउन सकिने छ ।

२. साथै कुनै किसिमबाट फरक-फरक दस्तुर भएका तर समान अर्थ बुझिने शीर्षक बाझिन गएमा बढी दस्तुर भएका शीर्षकलाई मानयता दिई सोही अनुसार कर लिईने छ ।

३. नगरपालिका क्षेत्रमा व्यवसाय संचालन गर्नेले व्यवसाय सुरु गर्न भन्दा पूर्व वा बढीमा ३५ दिन भित्र व्यवसाय प्रमाणपत्र अनिवार्य रुपमा लिनु पर्ने छ । अन्यथा प्रचलित ऐन, कानून बमोजिम जरिवाना लाग्ने छ ।

४. हकवालाको नाममा व्यवसाय प्रमाणपत्र नामसारी गर्दा रु.३००।- दस्तुर लिइने छ ।

५. व्यवसाय प्रमाणपत्रको लगत कट्टा गर्दा चालु आ.व. सम्मको कर चुक्ता गर्नु पर्ने तथा लगत कट्टा बापत रु.३००।- दस्तुर लिईने छ ।

६. प्रत्येक व्यवसायहरुलाई प्रत्येक आ.व. को असार मसान्तभित्र व्यवसाययिक प्रमाणपत्र नविकरण गर्नु पर्ने छ । यदि प्रत्येक वर्ष नविकरण नगरिएकोमा प्रत्येक वर्ष थप रु.१०% का दरले जरिवाना शुल्क लाग्ने छ

## सवारी साधन कर

**वर्षिक सवारी कर :**

क) सिटि रिक्सा कर ३००।-

ख) अटो रिक्सा ५००।-

**सवारी साधन दर्ता शुल्क**

क) सिटी रिक्सा कर २५०।-

ख) अटो रिक्सा ५००।-

**शौचालय शुल्क :-**

सार्वजनिक शौचालयमा प्रयोग गर्दा दिशा गरेको रु. १०।

सार्वजनिक शौचालयमा प्रयोग गदा पिसाव गरेको रु. ५।

**घर नक्सापास दस्तुर** :

| सि.नं | विवरण | पारित दर(रु.) |
|---|---|---|
| १ | १००० वर्गफिट सम्म सिमेन्ट जोडाई प्रतिवर्ग फिटplinth area आधार मानी | ५ |
| २ | १००१देखि २५०० वर्गफिट सम्म सिमेन्ट जोडाई प्रतिवर्ग फिटplinth area आधार मानी | १० |
| ३ | २५०१ वर्गफिट सम्म देखि माथि सिमेन्ट जोडाई प्रतिवर्ग फिटplinth area आधार मानी | १५ |
| ४ | **घर अभिलेखिकरण दस्तुर** : वि.स. २०७१ साल भन्दा अगाडी वनेको घरको हकमा प्रति वर्गफिट रु.२।-जरिवना रु.३।-गुणा जम्मा रु.६।- | |
| ५ | सिमेन्ट जोडाई कम्पाउण्ड प्रति रनिंग फिट | ३ |
| ६ | गिलेवा जोडाई प्रतिवर्ग फिट | २ |
| ७ | काठैकाठ वा फुसको घर प्रतिवर्ग फिट | ३ |
| ८ | टिनकोछानो, सिमेन्ट, ईटा जोडाई प्रति वर्गफिट | ३ |

| | | |
|---|---|---|
| ९ | फलामको खम्वा भई टिनको छानो(ट्रष्ट) वाट वनेको घर, प्रिफाव | ८ |
| १० | म्याद थप दस्तुर : पास भएका घरहरुको म्याद भित्र काम सम्पन्न नभएमा म्याद थप गर्ने ५ प्रतिशत थप दस्तुर लाग्नेछ । | |
| ११ | नाम संशोधन | ५० |
| १२ | घरबाटो सिफारिस प्रतिलिपि | ५० |
| १३ | घरको अवस्था प्रमाणित प्रति वर्गफिट | २ |
| १४ | घर नक्सा सम्वन्धि उजुरी दस्तुर | १००० |
| १५ | घर नकशा निरीक्षण तथा सर्जमिन दस्तुर | ४०० |
| १६ | प्रमाण पत्र दस्तुर(घर नक्सा निवेदन फाइल दस्तुर) | १००० |
| १७ | सम्पन्न प्रमाण पत्र प्रतिलिपि फोटो टाँसेको पहिलो तथा दोश्रो चरणको समेत | ५०० |
| १८ | जग्गा नाप जाँच दस्तुर | १५०० |
| १९ | घर नक्सा अन्य कागजात प्रति पाना नक्लल दस्तुर | |
| | ए फोर साइज | २० |
| | ए फोर त्रिइ | ४० |

नोट : महिला, एकल महिला तथा अपाङ्गता भएको व्यक्तिहरुको नाममा आवासीय तथा व्यवासीय घरनक्सा पास गर्दा घरनक्सा पास दस्तुरमा २० प्रतिशत छुट दिइनेछ ।

सिफारिस तथा नाता प्रमाणित दस्तुर :

| **क्र.सं.** | **बिवरण** | **दर रु** | **कैफियत** |
|---|---|---|---|
| १ | मोही नामसारी सिफारिस दस्तुर | ५००। | एक कट्ठा भन्दामाथि भए प्रति कट्ठा थप रु.५० लाग्नेछ |
| २ | नागरिक्ता प्रमाणपत्र सिफारिश दस्तुर<br>प्रतिलिपीको सिफारिस दस्तुर | २५०।<br>२००। | |
| ३ | सर्जमिन गरी गरिने नागरिक्ता सिफारिस | ५००। | |
| ४ | अंगिकृत नागरिकताको सिफारिस | ३००। | |
| ५ | जग्गा नामसारी सिफारिस | ५००। | एक कट्ठा भन्दामाथि भए प्रति कट्ठा थप रु.२० लाग्नेछ । |
| ६ | नाता प्रमाणित दस्तुर | २५०। | |
| ७ | चरित्र प्रमाणित सिफारिस | २००। | |
| ८ | नाम, ठेगाना आदि सच्याउने सिफारिस | २००। | |
| ९ | बसोवास प्रमाणित | २००। | |
| १० | घर प्रमाणित पक्की घरको | ३००। | |
| ११ | कच्ची घरको | १५०। | |
| १२ | विवाह प्रमाणित सिफारिस | २००। | |
| १३ | टेलिफोन जडान सिफारिस | ५००। | टेलिकमले सिफारिस माग्नु पर्नेछ । |
| १४ | विद्युत जडान सिफारिस | ३००। | |
| १५ | संस्था दर्ता तथा नविकरण सिफारिस | ३०००। | |
| | सहकारी संस्था दर्ता तथा नविकरण | २०००। | |
| | कृषि तथा पशु समुह नविकरण | १०००। | २ वर्षमा भएको हुनाले |

| | | | |
|---|---|---|---|
| १६ | सिनेमा हल खोल्न स्वीकृत | १००००। | |
| १७ | मोही लगत कट्टाको सिफारिस | ५००। | एक कठ्ठा माथि प्रतिकठ्ठा थप ५०।- |
| १८ | समूह दर्ता सिफारिस | ५००। | |
| १८ | पञ्जिकरण जरीवाना दस्तुर | २००। | |
| १९ | पञ्जिकरण प्रतिलिपी | ५००। | |
| २० | सहुलियत काठको सिफारिस | २००। | |
| २१ | नम्बरी जग्गाको रुख काटने प्रति गोटा सिफारिस | १००। | |
| २२ | घर सारी पाउँ भन्ने सिफारिस | ७५०। | |
| २३ | पेन्सन पट्टाको सिफारिस | ५००। | अन्य देशको रु.१०००।- |
| २४ | सर्जमिन गरी जुनसुकै सिफारिस | ५००। | |
| २५ | अपुतालिको सिफारिस | | |
| | (क) नेपालीको लागि | १०००। | |
| | (ख) विदेशीको लागि | २०००। | |
| २६ | चार किल्ला प्रमाणित | ३००। | जोडिएको कित्ता बाहेक थप प्रति कित्तामा रु.१००। थप दस्तुर लाग्ने छ । |
| २७ | जग्गा मुल्याङ्कन घर समेत सिफारिस | | |
| | (क) रु.५०,००० सम्मको | ३००। | |
| | (ख) रु.५०,०००। भन्दा माथि र १०००००। सम्मलाई | ५००। | सो भन्दा माथी भए प्रति एक लाखमा रु. १००। थप |
| २८ | नापि शाखा कार्यालयको सिफारिस नक्सा दस्तुर | ३००। | |
| २९ | नाता जन्म प्रमाणित अँग्रेजीमा दर्ता सिफारिस | ५००। | |
| ३० | मेला सर्कस अनुमति सिफारिस | १००००। | |
| ३१ | स्टल राखी संचालन गरिने सिफारिस | १०००। | |
| ३२ | साना घरेलु उद्योग (सर्जमिन र सिफारीस सहित) | १०००। | |
| ३३ | कारखाना (सर्जमिन र सिफारीस सहित | १०००। | |
| ३४ | खानेपानी जडान सिफारिस | २५० | |
| ३५ | उद्योग व्यवसायी बन्द गर्ने सिफारिस | १०००। | |
| ३६ | हैसियत प्रमाणित /सम्पति मुल्यांकन सेवा शुल्क | रु. १।- प्रति हजारका दरले | |
| ३७ | अन्य सिफारिस(गरिव, विपद र राहत) | ५०। | |
| ३८ | दलितको सिफारिस दस्तुर | ५०। | |
| ३९ | उद्योग दर्ता सिफारिस | १०००। | |
| ४०. | वार्षिक आम्दानी प्रमाणित | | |
| | रु. ५ लाख सम्म आम्दानीमा | ५००। | |
| | रु. ५ लाख देखि माथि | १००। | प्रति लाख रु.१००।- |
| ४१. | विद्यालय खोल्ने अनुमति सिफारिस | ५०००। | |
| | (क) शिशु स्यहार केन्द्र(मन्टेश्वरी विद्यालय) | ५००। | |
| | (ख) प्रा. वि | ७००। | |
| | (ग) नि. मा. वि. | १०००। | |

| | | | |
|---|---|---|---|
| | (घ) मा .बि. | २००० | |
| | (ङ उच्च मा. वि | ३०००। | |
| | (च)क्याम्पस | ५०००। | |
| | (छ) विद्यालय स्तर बृद्धि गर्दा कक्षा मात्र थप (अपग्रेड) सिफारिस | १५००। | |
| | (ज) प्राविधिक शिक्षण संस्था सिफारिस | ३०००। | |
| | (झ) पुर्व प्रा.वि.को स्वीकृती दस्तुर | २०००। | |
| ४२ | आधारभूत तह सम्म मातृभाषामा शिक्षा दिने विद्यालय अनुमति | ५०००। | |
| ४३ | कम्पनी ऐन अन्तर्गत संचालित विद्यालयलाई शैक्षिक गुठि अन्तर्गत संचालन | २५००। | |
| ४४ | संस्थागत विद्यालयको अभिलेख अद्ययावधिक | ५००। | |
| ४५ | प्रारम्भिक वालशिक्षा केन्द्र स्थापना | ५०००। | |
| ४६ | मालपोत कार्यालयको लागि गरिने सिफारिस(माथी कुनै शिर्षकमा नपरेका लागी) | ५००। | थप कित्ता भएमा रु.१००।का दरले थप गर्ने |
| ४७ | ज.ध. प्रमाण पत्र को लागी सिफारीस | १००। | |
| ४८ | घर बाटो कायमको सिफारीस | | |
| | कच्ची वाटो | ५००। | |
| | ग्राभेल वाटो | ८००। | |
| | मुख्य तथा सहायक पिच, आर सि सि ढलान वाटो | ८००। | |
| ४९ | नक्सा सशोधन दस्तुरं | १०००। | |
| ५० | नम्वरी जग्गा छुटयाउने दस्तुर | १५००। | थप कित्ता छुटयाउनु परे रु.१०००। का दरले थप गर्ने |
| ५१ | निर्माण सामाग्री डिलर सिफारिस | १०००। | |
| ५२ | उद्योग ठाउसारी सिफारिस | १०००। | |
| ५३ | डिलरसीप सिफारिस | १०००। | |
| ५४ | जुनसुकै नक्कल दस्तुर | २५०। | |
| ५५ | घ वर्गको इजाजत पत्र प्रतिलिपि दस्तुर | ७५०। | |
| ५६ | घ वर्गको इजाजत पत्र नामसारी/ठाउँसारी सिफारिस दस्तुर | १०००। | |
| ५७ | घ वर्गको इजाजत पत्र नाम परिवर्तन | ५००। | |
| ५८ | रोजगार दाताको फर्म तथा व्यवसाय दर्ता | ५००। | |
| ५९ | रोजगार दाताको फर्म तथा व्यवसाय नविकरण दस्तुर | १००। | |
| ६० | कपाली तमसुक | | |
| | ३ लाख सम्मको<br>३ लाख भन्दा माथि ५ लाख सम्मको | ३१५।<br>५१५। | |

| | | | |
|---|---|---|---|
| | ५ लाख भन्दा माथि १० लाख सम्मको<br>१० लाख भन्दा माथि २५ लाख सम्मको<br>२५ लाख भन्दा माथि | १०१५।<br>१५१५।<br>२५१५। | |
| | वैना कागजात | ३०० | |
| | मञ्जुरीनामा लेखत | ३०० | |
| ६२ | उपभोक्ता समिति किताव | ५००।- | |
| ६३ | पशु पंक्षी उपचार | | |
| | कुकुर/विरालो प्रति गोटा | ५०। | |
| | हात्ती/घोडा तथा अन्य जनावर प्रति गोटा | ५०। | |
| ६४ | बनध्याकरण सेवा | | |
| | गोरु/रागा प्रति गोटा | ५०। | |
| | थुमा/वोका प्रति गोटा | २५। | |
| | कुकुर/विरालो प्रति गोटा | ५०। | |
| ६५ | नश्ल सुधार सेवा | | |
| | कृत्रिम गर्भधान सेवा गाई/भैसी/वाखा प्रति गोटा | ५०। | |
| **६६** | **पोष्ट मार्टम सेवा** | | |
| | गाई/भैसी तथा जंगली जनावर प्रति गोटा | ५००। | |
| | वाखा/भेडा/कुकुर तथा साना पशु प्रति गोटा | २००। | |
| | पक्षि जात प्रति गोटा | १००। | |
| ६७ | पारिवारिक विवरण सिफारिस | ३००। | |
| ६९ | गाई/ गोरु/ भैसी सिफारिस | २५०। | थप प्रति गोटा ५०।- |
| ७० | अग्रेजीमा गरिने सिफारिस | ५००।- | |
| ७१ | जन्म प्रमाणित सिफारिस | २५०।- | |
| ७२ | विवाह दर्ताको लागि गरिने सिफारिस | २५०।- | |
| ७३ | पशुपालन गोठ सिफारिस | ५००।- | |
| ७४ | कृषि मिटरको लागि सिफारिस | निःशुल्क | |
| ७५ | स्वास्थ्य विरामि सिफारिस | निःशुल्क | |
| ७६ | विपद सम्वन्धि सम्पूर्ण सिफारिस | निःशुल्क | |
| ७७ | गैर सरकारी संस्था सूचिकृत दस्तुर | ५००।- | |
| ७८ | व्यवसायिक फर्म/कम्पनि सूचिकृत दस्तुर | ५००।- | |
| ७९ | संघ/संस्थाको सिफारिस | | |
| | नगर/वडास्तरीय गैर सरकारी संघसंस्था | १०००।- | |
| | जिल्ला स्तरीय गैर सरकारी संस्था | २०००।- | |

| | | | |
|---|---|---|---|
| | अन्तराष्ट्रिय गैर सरकारी संस्था | ३०००।- | |
| ८० | छुट जग्गा दर्ता सहर्जमिन सहितको सिफारिस | ५००।- | थप प्रति कठ्ठा रु.५०।- |
| ८१ | जातजाती प्रमाणित सिफारिस | २५०।- | |
| ८३ | घरेलु तथा साना उद्योग कार्यालयको सिफारिस | १०००।- | |
| ८४ | करदाता सेवा केन्द्रको सिफारिस | १०००।- | |
| ८५ | निवेदन दस्तुर | १०।- | |
| ८६ | सेवा शुल्क | ५।- | |
| ८७ | अमिन खटाई(न्याय समिति वाहेक) | १५००।- | |
| ८८ | व्यवसाय करदर्ता प्रमाणपत्रको नक्कल सिफारिस | ३००।- | |
| ८९ | व्यवसायदर्ताको लगत कट्टाको सिफारिस | ५००।- | |
| ९० | नक्सा पास भएका घर निर्माण गर्न काठको सिफारिस/काठपात ल्याउने सिफारिस | ३०००।- | |
| ९१ | पशु विकास तथा कृषि विकास शाखावाट गरिने सिफारिस | ३१५। | |
| ९२ | समुह तथा व्यवसाय प्रमाण पत्र | ५००। | |

नोट : यसमा नपरेका अन्य प्रकृतिका सिफारीसको दस्तुर रु.३०५। लिईने छ । र सर्जमिन गर्नु परेमा थप शुल्क रु ५००।–लाग्ने छ ।

आगलागी,हात्ती आतंक वा दैवी प्रकोपको सिफारीसमा लाग्ने सिफारीस दस्तरु छुट दिईने छ ।सिकिस्त विरामीको लागी गरिने सिफारीसमा लाग्ने सिफरीस दस्तुर छुट दिईने छ ।३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गर्न आउँदा सो सम्बन्धी कुनै शुल्क नलाग्ने । ३५ दिन पश्चात व्यक्तिगत घटना दर्ता गर्न आएमा दर्ता वापत पञ्जिकरण शुल्क रु.५००। लिइने छ ।

अन्य

| सि.न. | विवरण |
|---|---|
| १ | न.पा.को व्यापारीक क्षेत्रमा सडक मापदण्ड मिचि सडकमा व्यापारिक सरसमान राखि विक्रि वितरण, मर्मत गर्ने व्यवसायीलाई हटाउन सुचना जारी गरिने छ, नहटाउने व्यवसायीको हकमा पहिलो पटक रु.१०००। , दोश्रो पटक रु. २०००। र पटकपटक रु.३०००। जरीवना गरिनेछ । |
| २ | घरधनीले घर अगाडी फुटपाथ पसलेलाई भाडामा पसल गर्न दिएमा पहिलो पटकरु. १०००। र पटकपटक रु. २०००। जरिवना गरिनेछ । |

**नोट :** फुटपातमा पक्राउ गरी ल्याईएका सामान १५ दिन सम्म पनि सम्वन्धित व्यक्तिवाट नियमानुसार तिर्नु पर्ने जरिवाना नबुझाएमा लिलाम गर्न सकिनेछ । फलफुल तरकारी लगायत चाडै कुहिने र सडर्ने वस्तु ३ दिन भित्र सम्वन्धित व्यक्तिले जरिवाना वुझाई समान समेत बुझ्नु पर्नेछ अन्यथा न.पा. जिम्मेवार हुने छैन ।

## नक्कल दस्तुर :

नगरपालिकाबाट नक्कल प्रमाणित गर्दा देहाय बमोजिमको नक्कल दस्तुर लिइनेछ ।

(क) नक्सा पास सम्बन्धि प्रमाणपत्रको प्रतिलिपी रु.१०००।-

(ख) व्यवसाय प्रमाण पत्रको प्रतिलिपी रु.३००।-

(ग) अन्य प्रमाणको प्रतिलिपी रु.१००।-
(घ) प्रमाण-पत्र वाहेक अन्य कागजको प्रति पाना रु.२०।-
(ङ) न्यायिक समित सम्बन्धि प्रतिलिपि रु. १००।-

**हटिया तथा गुद्रि वट्टी निम्न दरहरु कायम गरिएको छ ।**

| विवरण | दर | विवरण | दर |
|---|---|---|---|
| क श्रेणीको चामल बट्टीदार पसल १ मा | २०। | ख श्रेणीको चुरा चामल बट्टीदार पसल १ मा | १०। |
| ग श्रेणीको चामल बट्टीदार पसल १ मा | १०। | नुन मात्र बेच्ने पसलमा | १०। |
| सिलाई मेसिन प्रति पसल एक मेसिन | १०। | सावै डोरी बेच्ने पसल एकमा | १०। |
| चुना मथबोझी हाडी, छाछीमा | १५। | दाउरा बेल गाडीमा | २५। |
| दाउरा थोक राखेर बेच्ने पसल | २५। | दाउरा भार एकमा | १०। |
| दाउरा मथबोझी | २५। | बाँस प्रति गोटा | ५। |
| पहाडी बाँस प्रति बोझ एकमा | १०। | खर प्रति गाडीमा | २५। |
| जलपान चमेना पसल एकमा | १५। | खर एक बोझ | ५। |
| जलपान चमेना पसल ढाकीमा | १०। | चामल मात्र पसल | १०। |
| पान ढोली, थोक विक्री गर्ने पसल | १५। | सखर गुड बेच्ने पसल | १०। |
| दही भारवाल पसलमा | १०। | दवाई जडिवुटि बेच्ने | २०। |
| खुर्पी,हसिया, चक्कु, आदी फलामे पसल | ५०। | खुर्पी, हसिया मात्र बेच्नेलाई | २०। |
| झाडु,कुच्चो , खररा प्रति पसल | १०। | खैनी, सुर्ती पिनी, कंकड प्रति पसल | १०। |
| पटेर, परालको गुन्द्री(पटिया) प्रति गोटा | ५। | पटेर, परालको पटिया थोक | २०। |
| नाङ्गलो,सुप प्रति पसल | १०। | खेलौना पसल | १०। |
| पेड, पौधाको विरुवा बेच्ने प्रति पसल | २५ । | घ्यू टिना बेच्ने | १५। |
| फाटा कम्पनीको कपडा बेच्ने | ५०। | घ्यू खुद्रा बेच्ने | १०। |
| कपडा मिश्रित रेडिमेट पसल<br>थान कपडा पसल | २५।<br>३०। | कपडा, राडी पसल | ५०। |
| सब्जी बैलगाडी पसल एकमा | ५०। | सब्जी चटीदार पसल छाना छाप्रोमा | २५। |
| बिज, बिजन बेच्ने प्रति पसल | १५। | मट्टितेल, करु तेल खुद्रा बेच्ने पसल | १०। |
| आलु बोरा प्रति पसल | २५। | आलु साने ढाकीमा बेच्ने | १०। |
| तामा वाँस वेच्ने | ५०। | | |
| किराना सामान बेच्ने छानोछाप्रो समेतमा | १५। | मसाला पसल<br>सब्जि ठूलो पसल<br>सब्जि सानो पसल | २०।<br>५०।<br>२०। |
| मनिहरा, लटकेना पसल<br>हरेकमाल वेच्ने<br>फोटो वेच्ने पसल | २५।<br>५०।<br>३०। | माटोको भाडा मथबोझि बेच्ने<br>माटो वर्तन साइकल वाला | १०।<br>२०। |

| | | | |
|---|---|---|---|
| चुडी, लहठी समेतको पसल | १५। | बिस्कुट, चकलेट आइसक्रिम पसल | १०। |
| तेजपात प्रति भार | १५। | वेल्ना, चक्ला, रही आदी बेच्ने | १०। |
| सनपाटको डोरी, सिक बेच्ने पसल | १०। | टोकरी, ढाकी,छिटा बेच्ने प्रति पसल | १०। |
| अत्तर, तेल, दवाई, सावुन आदि | १०। | अलमुनियम, टिना, पित्तले समानको भाडा पसल | ४०। |
| पुस्तक बेच्ने प्रति पसल | १०। | दाढी कपला काट्ने हजाम प्रति हजाम | १०। |
| चटक खेल तमासा प्रति जमात | २०। | छाता मर्मत गर्ने पसल | १०। |
| टर्च, ताला आदी मर्मत | ५। | जुत्ता मर्मत गर्ने पसल | १०। |
| सुखेको खुर्सानी प्रति वोरा, भार | १०। | पिठो मात्र वेच्ने | १०। |
| कोला वेच्ने ठेला वाला | ३०। | सवै किसिमको माछा ठूलो प्रति पसल | ५०। |
| सुन्तला, कटहर, केरा, जामुन,नासपति | ५०। | माछा सानो सवै किसिमको प्रति पसल | ३०। |
| आँप | ५०। | खसि, वोका पसल एकको | ५०। |
| गाडी एकमा वेच्ने | २५। | राँगा(भैसी) को | १००। |
| बोरा एकमा वेच्ने | १०। | हाँस, मुर्गी प्रति गोटा | १०। |
| भार एकमा वेच्ने | १०। | परेवा प्रति जोरा | १०। |
| डोको एकमा वेच्ने | १०। | अण्डा | १०। |
| ढाकी एकमा वेच्ने | ५। | घोङ्गी पसल | २०। |
| फलफुल आँपको प्रति कार्टुन | २५। | सुंगुर वंगुर प्रति पसल | ५०। |
| पशुपक्षि कञ्चनरुप न.पा वाहिर जान | ५। | कुखुराको मासु वेच्ने प्रति पसल | ५०। |
| निजी जग्गामा लगाएको कटान, चिरान स-मिल | २००। | प्लाष्टि वर्तन बेच्ने पसल | २०। |
| | | स्टील/अल्मुनियम पसल | ३०। |
| आलुको वीउ प्रति वोरा | ५। | पिकपमा पसल | १५०। |
| खैनी, सुर्ति, कंकड पसल | २५। | पुरानो घरको काठ, झ्याल/ढोका प्रति टयाक्टर | २००। |
| दवाई जडीवुटी बेच्ने पसल | १५। | | |
| वीउ विजन विरुवा प्रति पसल | २५। | | |

नोट : माल वाहक हलुका तथा सवारी साधन हटिया भित्र पस्न मनाही गरिएको छ।
अन्यथा हटिया बट्टी शुल्क जरिवाना वापत ३००। लाग्ने छ ।

**नगरक्षेत्र भित्रको विज्ञापन करको दर :**

१. व्यवसायिक परिचयको लागि वढीमा २० वर्गफिट सम्मको बोर्ड मात्र राख्न पाईने छ । सो भन्दा ठूलो आकार प्रकारको बोर्ड राख्नु परेमा स्वीकृत लिई नियमानुसार तोकिएको कर लाग्नेछ ।

२.बिदेशी तथा मल्टिनेशनल कम्पनिहरुको विज्ञापन सामाग्रीहरुमा करको दरको दोब्बर विज्ञापन कर लिइने छ ।
३. विज्ञापन सामाग्रीहरुलाई डिजिटल प्रणालीमा रुपान्तरण गर्दै लाने नीति अवलम्वन गरिनेछ ।
४.विज्ञापन प्रयोजनले घर, पसल, होटल, मल, कम्प्लेक्स, रेष्टुरेण्ट, शोरुम, पेट्रोल पम्प, सिनेमाहल, अस्पलात, मेला/मोहत्सव, वैक तथा वित्तिय संस्था भित्र वा बाहिर राखिने विज्ञापन जन्य बोर्ड, पोस्टर,पम्प्लेट, बन्टिङ्ग, झण्डा, सटर, पेन्टिङ्ग, भ्याकुम, स्टिकर जस्ता सवै सामग्रीहरुको कर संकलन गरिने छ । कुनै फर्म तथा कम्पनीले आफ्नो व्यापार प्रवर्द्धनका लागि आफ्नो ब्राण्ड कलर तथा विज्ञापन सामाग्रहरु नगर क्षेत्र भित्रका व्यसायिक स्थानहरुमा जहाँ राखेपनि त्यसको सम्पूर्ण कर लाग्नेछ ।
५. शाखा कार्यालय भएका सम्पूर्ण फर्म/कम्पनी, वैक वित्तिय संस्थाहरुलाई करको दायरामा ल्याई कर असुल गरिनेछ ।
६.डिजिटल प्रणालिमा रुपान्तरण गरिने नीति अनुसार नगरक्षेत्रको मुख्य क्षेत्रमा डिजीटलबोर्ड मात्र प्रयोगमा ल्याईनेछ ।

| सि.नं. | विज्ञापन कर, शुल्क ठेक्का | सार्वजनिक स्थलका दररेट रु. | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिका क्षेत्रभित्रका सार्वजानिक स्थलहरुका होर्डिङ्ग वोर्डहरुमा प्रति वर्ग फिट वार्षिक | १००।- | |
| २ | निजी स्थानका होर्डिङ्ग वोर्ड, फल्क्स वोर्डहरुमा प्रति वर्गफिट वार्षिक | ८०।- | |
| ३ | व्यसायिक भित्ते लेखन तथा सटर पेन्टिङ्ग प्रति वर्गफिट वार्षिक | २५।- | |
| ४ | पोल बोर्ड प्रति बोर्ड एक साइड | ७५०।- | |
| ५ | स्टिकर, व्यानर, हस्त लिखित वा प्रिन्ट सार्वजनिक स्थानमा प्रति गोटा प्रति हप्ता | १००।- | |
| ६ | स्टिकर,व्यानर, हस्त लिखित वा प्रिन्ट निजी स्थानमा प्रति गोटा प्रति हप्ता | ७०।- | |
| ७ | व्यवसायिक विज्ञापनका लागि माईकिङ्ग गाडी तथा रिक्सावाट प्रति दिन | ३००।- | |
| ८ | मदक पदार्थका विज्ञापनका लागि माईकिङ्ग प्रति स्वाटर फिट थप | १००।- | |
| ९ | स्टल तथा घुम्ति प्रचार प्रसार प्रति गोटा प्रति दिन | ३०००।- | |
| १० | सार्वजनिक तथा निजी स्थानमा गेट, स्वागतद्धार विज्ञापन प्रयोजनका लागि प्रति हप्ता | १०००।- | |
| ११ | भिज्वल बोर्ड, डिजीटल डिस्प्ले वोर्ड, स्क्रिन वोर्ड, एलसिडि वोर्ड प्रति विज्ञापन स्वायर फिट | ५००।- | |
| १२ | २ डि.वोर्ड, ३ डि.वोर्ड, ग्लो वोर्ड अन्य यस्तै प्रकारका वोर्डहरु | ४००।- | |
| १३ | रोडक्रस व्यानर, ओभरहेड व्यानर, तुल व्यानर, पोल व्यानर,बन्टिङ्ग व्यानर, स्टिमर लगायतका प्रतिदिन | ७००।- | |
| १४ | छाता, वेलुन डमी,भ्याकुम, फ्रेन्च,झण्डा र अन्य यस्तै | १२५।- | |

| | | | |
|---|---|---|---|
| | प्रकृतिका विज्ञापन प्रति गोटा प्रति दिन | | |
| १५ | साना किसिमका व्यवसायिक पोष्टर, पम्पलेट ४ वर्ग फिट सम्म प्रतिगोटा प्रति दिन | ५।- | |
| १६ | साना किसिमका व्यवसायिक पोस्टर, पम्पलेट ४ वर्ग फिट भन्दा ठूला प्रतिगोटा प्रति दिन | १०।- | |
| १७ | नगरपालिका कार्यालयसँग अनुमति लिएर मात्र विज्ञापन सामग्री टाँस गनुपर्नेछ । | | |
| १८ | अनुमति नलिई राखिएका प्रचार सामग्रीहरुमा दोब्बर दस्तुर लिई हटाइनेछ । | | |

**बहाल कर :**

यस न.पा. क्षेत्र भित्रका घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएकोमा सम्वन्धित धनीबाट वहाल रकमको १० प्रतिशत वहाल कर लिईने छ।

**सरसफाई शुल्क :**

नगर क्षेत्रको सरसफाईको लागि सरसफाई तथा फोहरमैला व्यवस्थापन ऐन तथा प्रचलित ऐन, कानुन बमोजिम सरसफाई शुल्क निर्धारण गरिने छ ।

**पार्क शुल्क** :

पिकनिक स्पोर्ट लगायत धार्मिक स्थलका मेलाहरु प्रचलित ऐन कानुनमा रही ठेक्काको माध्यमबाट कर उठाउन लगाउने ।

स्थानीय राजस्व पोखरी/हटिया, ठेक्काको दर कायम निम्न बमोजिम कायम गरिएको ।(१३% भ्याट वाहेकको रकम)

| सि. नं | पोखरीको नाम | वडा नं. | ठेक्का अवधि | डाक शुरु अङ्क (भ्याट वाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | पोटरी पोखरी | १ | ४ वर्ष | २१४४००।- | |
| २ | मलकौर पोखरी | १ | ४ वर्ष | २०१०००।- | |
| ३ | वैरवा सार्वजनिक पोखरी | १ | ४ वर्ष | २५१०००।- | |
| ४ | साहुजी पोखरी | १ | ४ वर्ष | ३१६०००।- | |
| ५ | बरमझिया वाधक पोखरी | २ | ४ वर्ष | १३३५००।- | |
| ६ | बरमझिया ठूलो पोखरी | २ | ४ वर्ष | ५५१६०१।- | |
| ७ | रा.प्रा.वि. तत्माटोलको पोखरी( वरमझिया सानो पोखरी) | ३ | ४ वर्ष | ५५१००।- | |
| ८ | बरमझिया सुव्वा टोलको पोखरी | ३ | ४ वर्ष | २५३०००।- | |
| ९ | ठेलिया ७ को पोखरी | ३ | ४ वर्ष | १९५५००।- | |
| १० | सार्वजनिक पोखरी कविलासा | ४ | ४ वर्ष | ३५००००।- | |
| ११ | कविलासा सरदार टोल पोखरी | ४ | ४ वर्ष | ११०००।- | |
| १२ | वडा कार्यालय नजिकको पोखरी | ४ | ४ वर्ष | १६६९०५।- | |
| १३ | पिप्रा पूर्वको मन्दिर नजिकको पोखरी | ५ | ४ वर्ष | ५०२००।- | |
| १४ | पडेमाडा सदा टोलको ठूलो पोखरी | ५ | ४ वर्ष | २२५०००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| | धर्मशाला नजिकको पोखरी | ५ | ४ वर्ष | ८८,१५७/- | |
| १५ | गोरराजा मन्दिर छेउको पोखरी | ६ | ४ वर्ष | ११०००/- | |
| १६ | वडा नं. ७ को थारु सरदार राम टोदको पोखरी | ७ | ४ वर्ष | २५०००/- | |
| १७ | पोखरी धरमपुर-३(ख) | ७ | ४ वर्ष | ८५२८०/- | |
| १८ | कंचनपुर-३ पोखरी | ८ | ४ वर्ष | ४०६०००/- | |
| १९ | डिट्ठा पोखरी | ८ | ४ वर्ष | २४५०००/- | |
| २० | रघुनाथपुरको सार्वजनिक पोखरी | ९ | ४ वर्ष | १०००००/- | |
| २१ | सिद्धिपुरको सार्वजनिक पोखरी | ९ | ४ वर्ष | १०००००/- | |
| २२ | खडगाही पोखरी | १० | ४ वर्ष | २४२०००/- | |
| २३ | वदगामा थान पोखरी | १० | ४ वर्ष | ७९०००/- | |
| २४ | वदगामा वाल उधान पोखरी | १० | ४ वर्ष | ७९०००/- | |
| २५ | वक्साहा पोखरी | ११ | ४ वर्ष | २०१०००/- | |
| २६ | लक्ष्मणपट्टी पोखरी(२ वटा) | ११ | ४ वर्ष | १५००००/- | |
| २७ | वेङ्गरी पोखरी | ११ | ४ वर्ष | १७७०००/- | |
| २८ | वधुवा खोला नजिकको पोखरी | ११ | ४ वर्ष | १०१०००/- | |
| २९ | ठेलिया -४ पोखरी | ११ | ४ वर्ष | २२५०००/- | |
| | | | | | |

हाट हटिया तर्फ

| सि. नं. | हटियाको नाम | वडा नं. | ठेक्का अवधि | डाक शुरु अङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | कंचनपुर हटिया | ८ | १ वर्ष | ६५५५००। | |
| २ | बरमझिया हटिया | २ | १ वर्ष | ६०००१/- | |
| ३ | सिमरा हटिया | ११ | १ वर्ष | ३०२००/- | |
| ४ | धाता हटिया र रुपनगर चौक गुदरी हटिया | ९ | १ वर्ष | ३४५२०/- | |
| ५ | पोटरी हटियाको जग्गा यकिन गर्ने | १ | १ वर्ष | १५००१/- | |
| ६ | वलुवको गुद्री हटिया | ७ | १ वर्ष | ६३०००/- | |

## सटर तर्फ

| सि.नं. | वडा नं. | विवरण | सम्झौता अवधि | रकम |
|---|---|---|---|---|
| १ | ८ | कंचनपुरको सडक तर्फको सटर भाडा | मासिक | ५०००/- |
| २ | ८ | कंचनपुर हटिया भित्रको सटर | मासिक | ४०००/- |
| ३ | ३ | कंचनरुप- ३ बरमझिया चौकको सटर भाडा (उक्त सटरको जमान वापत प्रति सटर रु. १००००/-) | मासिक | ३०००/- |

मिति २०८०।०४।२६ गतेको कार्यपालिका वैठकको निर्णय नं. ४(क) सटर भाडा एकरुपता सम्वन्धमा कञ्चनरुप नगरपालिकाको स्वामित्वमा रहेको नगर भित्रका सटरहरुमा वितगमा भाडा लगाउदा धरौटी रकम

रु. ५००००।(अक्षरेपी पचास हजार) मात्र लिदै आएकोमा अव उपरान्त २५०००।(अक्षरेपी पचिस हजार) मात्र धरौटी रकम कायम गर्ने ।
जग्गा वा फिल्ड आपसी सम्झौता अनुसार

नोट : माथी उल्लेखित दरमा नघटने गरी न.पा. ले माथी उल्लेख भए वमोजिमको घर टहरा सटर र जग्गा खुल्ला प्रतिस्पर्धा गराई अधिकतम कवोल अंकको आधारमा समेत भाडामा लगाउने सक्ने छ ।

सवारी साधनको दररेट आवश्यकता अनुसार कार्यपालिकाको निर्णय वमोजिम घटबढ गर्न सकिनेछ ।

| सि. नं | सवारी साधन | दर | कैफियत |
|---|---|---|---|
| १ | ग्रेडर | २००००।- | तेल, ग्रिस,चालक सेवा सुविधा सेवाग्राहीले व्यहोर्ने |
| २ | ठूलो टिपर दैनिक भाडा | ७०००।- | तेल, ग्रिस,चालक सेवा सुविधा सेवाग्राहीले व्यहोर्ने |
| ३ | मझौला टिपर दैनिक भाडा | ५०००।- | तेल, ग्रिस,चालक सेवा सुविधा सेवाग्राहीले व्यहोर्ने |
| ४ | टिपर सानो दैनिक भाडा | ४०००।- | तेल, ग्रिस,चालक सेवा सुविधा सेवाग्राहीले व्यहोर्ने |
| ५ | ट्याक्टर | २०००।- | तेल, ग्रिस सेवाग्राहीले व्यहोर्ने |
| ६ | सेफटी टंकी प्रति ट्रिप | २०००।- | तेल, ग्रिस र लेवर खर्च सेवाग्राहीले व्यहोर्ने |
| ७ | सेफ्टी टंकी (न.पा वाहिर) प्रति ट्रिप | ३०००।- | तेल, ग्रिस र लेवर खर्च सेवाग्राहीले व्यहोर्ने |
| ८ | रोलर प्रति दिन प्रति ८ घण्टा | ८०००।- | तेल, ग्रिस सेवाग्राहीले व्यहोर्ने |
| | रोलर प्रति दिन प्रति ८ घण्टा(नगरपालिका वाहिर) | १००००।- | तेल, ग्रिस सेवाग्राहीले व्यहोर्ने |
| ९ | व्याक हो लोडर प्रति घण्टा | १५००।- | तेल, ग्रिस,चालक सेवा सुविधा सेवाग्राहीले व्यहोर्ने |
| | व्याक हो लोडर प्रति घण्टा (नगरपालिका वाहिर) | २०००।- | तेल, ग्रिस,चालक सेवा सुविधा सेवाग्राहीले व्यहोर्ने |
| १० | लेवलर | २०००।- | तेल, ग्रिस,चालक सेवा सुविधा सेवाग्राहीले व्यहोर्ने |
| | लेवलर (नगरपालिका वाहिर) | २५००।- | तेल, ग्रिस,चालक सेवा सुविधा सेवाग्राहीले व्यहोर्ने |
| ११ | पानी टंकी | २०००।- | तेल, ग्रिस,चालक सेवा सुविधा सेवाग्राहीले व्यहोर्ने |
| | पानी टंकी (नगरपालिका वाहिर) | २५००।- | तेल, ग्रिस,चालक सेवा सुविधा सेवाग्राहीले व्यहोर्ने |
| १२ | पानी टंकी ठूलो | ७०००।- | तेल, ग्रिस,चालक सेवा सुविधा सेवाग्राहीले व्यहोर्ने |

| | | | |
|---|---|---|---|
| | पानी टंकी ठूलो ( नगरपालिका वाहिर) | ९०००।- | तेल, ग्रिस,चालक सेवा सुविधा सेवाग्राहीले व्यहोर्ने |
| १३ | एम्वुलेन्स/ शव वाहन | | |
| | कंचनपुर देखी राजविराज | १५००।- | |
| | कंचनपुर देखी उदयपुर | २५००।- | |
| | कंचनपुर देखी विराटनगर | ३०००।- | |
| | कंचनपुर देखी धरान | ३०००।- | |
| | कंचनपुर देखी जनकपुर | ४५००।- | |
| | कंचनपुर देखी काठमाण्डौ | २००००।- | |
| | ट्रयाक्टर खेत जोताई | | |
| | रोटाभेटर | ३००।- | प्रति कठ्ठा |
| | कल्टि | २५०।- | प्रति कठ्ठा |
| १४ | घुम्ति शौचालय | १५००।- | प्रति दिन |
| १५ | कोर कटर मेसिन | ५०००।- | प्रति योजना |

| सि.नं | राजश्व विवरण | दर | कैफियत |
|---|---|---|---|
| | छाडा पशु नियन्त्रण गर्नको लागि कान्जी हाउसको व्यवस्थापन | | |
| १. | भैसी, राङ्गा, गोरी प्रति गोटा | १००।- | |
| २ | वाखा, खसी पाठापाठी प्रति गोटा | ८०।- | |
| ३ | सुंगुर, वंगुर प्रति गोटा | १५०।- | |

## अनुसुची-१

## (ऐनको दफा (२) सँग सम्बन्धित)

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्नेसम्पत्तिकरको दररेट (आ.व. २०८२/०८३)**

| क्र.स | सम्पत्तिको मुल्याङ्कन | | | | एकीकृत सम्पत्तिकर बार्षिक रू. |
|---|---|---|---|---|---|
| १ | १ | देखि | ४ लाख | सम्म | ५० |
| २ | ४ लाख १ | देखि | २५ लाख | सम्म | ५०० |
| ३ | २५ लाख १ | देखि | ५० लाख | सम्म | १००० |
| ४ | ५० लाख १ | देखि | ७५ लाख | सम्म | १५०० |
| ५ | ७५ लाख १ | देखि | १करोड | सम्म | २५०० |
| ६ | १करोड १ | देखि | ५ करोड | सम्म | ५००० |
| ७ | ५ करोड १ रूपैया देखि माथि २ दुई रूपैया प्रति हजार | | | | |

**२. सम्पत्तिको मूल्याङ्कन आधार तथा दर निर्धारण सम्बन्धी व्यवस्था :**

१. घर जग्गाको आकार, प्रकार, बनौट वा उपयोग वा अचल सम्पत्तिको उत्पादनशिल उपयोगको अवस्था ।

२. नागरिकको जिवनस्तर, आर्थिकस्तर र खर्च गर्न सक्ने क्षमता ।

३. अचल सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रास मूल्य,

**सम्पत्तिकरको दर निर्धारण सम्बन्धी व्यवस्था :**

क) प्रत्येक आर्थिक बर्षको श्रावण १ गते करदाताको नाममा रहेको जग्गा तथा संरचनालाई त्यस बर्ष निजको स्वामित्वमा रहेको सम्पत्ति मानी त्यसै बमोजिम मूल्याङ्कन तथा कर निर्धारण गरिनेछ ।

ख) प्रत्येक व्यक्तिको स्वमित्वमा रहेको नगरक्षेत्र भित्रका सम्पूर्ण सम्पत्तिहरुलाई एकै ठाउँमा राखी मूल्याङ्कन गरिनेछ ।

ग) नगरपालिका क्षेत्रमा जग्गाको मूल्याङ्कन गर्दा प्रचलित बजार भाउ अनुसार जग्गाको मूल्य कायम गर्न निम्न विधिहरुलाई प्रयोगमा ल्याइनेछ ।

घ. करदाताबाट सम्पत्ति विवरण दाखिला गर्दा पेश गरेको आफ्नो जग्गाको चलन चल्तीको मूल्यलाई जग्गाको मूल्याङ्कनको आधारको रुपमा लिन सकिनेछ ।

ङ मूल्याङ्कन समितिले क्षेत्र विभाजन गरी कायम गरेको जग्गाको न्यूनतम मूल्याङ्कनलाई जग्गाको मूल्याङ्कनको आधारको रुपमा लिइनेछ ।

**अनुसूची-२**

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने जडिवुटी, कवाडि, जीवजन्तु करको दर**

यस नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस र प्रचलित कानूनले निषेध गरेको जीबजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको ब्यबसायिक कारोबार गरेबापत वार्षिक रु ३०००। का दरले कर लगाईने र असुल गरिनेछ ।

कवाडी मालको हकमा वार्षिक रु ५०००। दरले कर लगाईने र असुल गरिनेछ ।

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सवारी पार्किङ्ग शुल्क**

| | |
|---|---|
| १. वस, टक, मिनिवस, ट्याक्टरमा १ पटकमा | रू. ३०।०० |
| २. हल्का सवारी साधनमा १ पटकमा | रू. २०।०० |

**१. सरसफाई सेवा शुल्क :(घरको आधारमा लाग्ने)**

(क) दैनिक रुपमा सरसफाई सेवा पुर्‍याउदैं आएको क्षेत्रमा मासिक रु.८५।- सरसफाई शुल्क लिने ।
(ख) हप्तामा दुई वा तिन पटक सरसफाई सेवा पुर्‍याईएको क्षेत्रमा मासिक रु.६५।- सरसफाई शुल्क लिने ।
(ग) हप्तामा एकपटक सम्म सरसफाई सेवा पुर्‍याईएको क्षेत्रमा मासिक रु. ३०।- सरसफाई शुल्क लिने

(घ)  महिनामा दुई या तीन पटक सरसफाई सेवा दिने क्षेत्रमा मासिक  रु. २०।- सरसफाई शुल्क लिने ।
(ङ) आवाशिय क्षेत्रको लागि मासिक  रु ७५।- सरसफाई शुल्क लिने ।
(च) कृषि क्षेत्रको लागि मासिक  रु. ३०।- सरसफाई शुल्क लिने ।

**२. व्यवसायमा लाग्ने सरसफाई शुल्क :**
(च)  मुख्य सडक  क्षेत्रमा सञ्चालित उधोग,रिसोर्ट, ग्यारेज, अटो वर्कशप ,नरसिङहोम,निजी अस्पतालमा मासिकरु.२००।-
(छ) मुख्य सडक  क्षेत्रमा सञ्चालित क बर्गका होटल,थोक पसल, डिलर, आदिमा  रु. १२०।-
(ज) मुख्य सडक  क्षेत्रमा सञ्चालित मध्यम स्तरका पसल, व्यवसाय  आदिमा  रु. ८०।-
(झ) मुख्य सडक  क्षेत्रमा सञ्चालित निम्न स्तरका व्यापार, व्यवसाय आदिमा  रु ३०।-
(ञ) शाखा सडक  क्षेत्रमा सञ्चालित उधोग,रिसोर्ट, ग्यारेज, अटो वर्कशप ,नरसिङहोम,निजी अस्पतालका  लागी रु. २००।-
(ट) शाखा सडक क्षेत्रमा संचालित क बर्गका होटल,थोक पसल, डिलर, आदिमा  रु.१२० ।-
(ठ)शाखा सडक क्षेत्रमा संचालित मध्यम स्तरका पसल, व्यवसाय  आदिमा  रु.७० ।-
(ड) शाखा सडक क्षेत्रमा संचालित निम्न स्तरका व्यापार, व्यवसाय आदिमा  रु.३० ।-
(ढ)आवाशिय क्षेत्रमा संचालित क बर्गका ब्यापार ब्यवसायमा  रु ८०।-

पुनश्च : न.पा.बाट कुनै पनि सिफारिस लिनु पूर्व घर जग्गा कर, व्यवसाय कर अनिवार्य रुपमा चुक्ता गर्नुपर्ने छ ।

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पर्यटन शुल्क दस्तुर**
यस नपा क्षेत्रको पर्यटन क्षेत्रको प्रवेशमा विदेशी पर्यटकलाई दक्षिण एशियाली मुलुकका पर्यटक वाहेक प्रतिव्यक्ति पर्यटक शुल्क अमेरिकी डलर १ वरावर हुनेछ । अन्यको लागि रु १० देखि रु ५० सम्म हुनेछ ।

**नगरपालिका भित्र रहेका नदिहरुवाट अवैध रुपमा वालुवा उत्खन्न गरी निकासी गरेमा तपशिलको जरिवना शुल्क :-**

| **सि.नं.** | **विवरण** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | प्रति ट्रायक्टर | ७०००।०० | प्रदेश आर्थिक ऐन बमोजिम हुनेछ । |
| २ | प्रति ६ देखि ८ चक्के टिपर | १००००।०० | |
| ३ | प्रति १० चक्के टिपर | १२०००।०० | |

## आगामी आ.व. को लागि अनुमति कर तथा गैर कर राजश्व रकम

| **सि.नं.** | **राजश्व क्षेत्रहरु** | **आ.व. २०८१/०८२ अषाढमसान्त सम्मको यथार्थ रकम** | **चालु आ.व. को संशोधित अनुमान** | **आगामि आ.व. को अनुमान** | **कैफियत** |
|---|---|---|---|---|---|
| **१** | **११३१४-१५१११ सम्म** | ३०४११२८६।५८ | ०।०० | २८७१९०००।०० | |

**निष्कर्श तथा सुझावहरु :**

**संयोजक** .........................

**सदस्य** ...........................

**सदस्य** ........................

| सि.नं. | एजेण्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | इजाजत नलिई निर्माण गर्दै गरेको घरहरुको सम्वन्धमा । | इजाजत/अनुमति नलिई घर निर्माण गर्न नपाइने स्पष्ट कानुन व्यवस्था भए तापनि उक्त नियमलाई उल्लघन गरि वनाउदै गरेको वा वनिसकेको घर वारे जानकारी नियमित गर्नका लागि मापदण्ड पुरा हुने/ नहुने खण्डमा ३०० प्रतिशत जरिवना गरि नियमित अथवा अभिलेखिकरण गर्ने निर्णय गरियो । |

| | | |
|---|---|---|
| २ | घर नक्सा संशोधन दस्तुर, जरिवाना र म्याद थप दस्तुर सम्वन्धमा । | नियम अनुसार घर नक्सा दर्ता भएका तर त्यस पछिका प्रकृया पालन नगरि समय गुजारेको पुराना फाइलहरुको हकमा नक्सा पास गराउन आउदा पुर्व तिरेको क्षेत्रफल वरावरको राजस्व घटाई बाँकी रहेको क्षेत्रफल चालु आ.व.को दररेट अनुसार हिसाव मिलान गर्दा २० प्रतिशत संशोधन दस्तुर १०० प्रतिशत जरिवाना र २० प्रतिशत म्याद दस्तुर लिई नियामानुसार नक्सा पास गर्ने निर्णय गरियो । |
| ३ | पुराना घरको संशोधित नक्सा सम्वन्धमा । | नगरपालिकावाट इजाजत लिई निर्माण सम्पन्न गरेको पुराना घरहरु स्वीकृत सडक मापदण्ड वमोजिम सडक अधिकार छाडेर संशोधित नक्सा पेश गरेमा नगरपालिकाले नक्सा संशोधन दस्तुर छुट गर्ने साथै त्यसता पुनः निर्मित पुराना घरहरुको हकमा सेटव्याक समेत नलाग्ने निर्णय गरियो । |
| ४ | सडक मापदण्ड भित्र परेका घर भत्काई नयाँ घर वनाउने सम्वन्धमा । | सडक मापदण्ड भित्र परेका तर नगरपालिकावाट इजाजत लिएका पुराना घर भत्काई नयाँ घर वनाईएमा साविक इजाजत वरावर क्षेत्रफलको नक्सा पास दस्तुर मिनहा गर्ने निर्णय गरियो । |
| ५ | पोखरीको ठेक्काको समयावधि सम्वन्धमा | पोखरी ठेक्काको पटक/पटक सूचना प्रकाशित केही पोखरी ठेक्काको वन्दोवस्ती नभएको र कञ्चनरुप नगरपालिका भित्रका सार्वजनिक पोखरीहरुको ठेक्का वन्दोवस्ती एकरुपता गर्न पालिका अन्तर्गत सम्पूर्ण पोखरी समयावधि ४(चार) वर्ष गर्ने निर्णय गरियो । |
| ६ | आ.व. २०८१।०८२ को राजश्व आम्दानी सम्वन्धमा । | यस कञ्चनरुप नगरपालिका र १ देखी १२ नं.वडा अन्तर्गतको आ.व. २०८१।०८२ वैशाख सम्मको राजश्वको यथार्थ आम्दानी रु.१८२५१३७६।००(अक्षरेपी एक करोड व्यासी लाख एकावन्न हजार तीन सय छयहतर मात्र) रहेको जानकारी गराईन्छ । |

**नोट : अगामी आ.व.को आर्थिक ऐन पारित नभएसम्म प्रचलित आर्थिक ऐन लागु हुनेछ ।**